नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम

सिहंदरबार, काठमाण्डौं, नेपाल
फोन नं. : ०१-४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http:/pmep.gov.np

प.सं. ०८०/८१/८०
च.नं./pmep/ ६३८

मिति: २०८०।०३।२२

बिषय: रकम फिर्ता गरी हिसाब फरफारक गर्ने सम्बन्धमा।

श्री स्थानीय तहहरु, (सबै)।

प्रस्तुत बिषयमा महालेखा नियन्त्रक कार्यालयको मिति २०८०।०३।२० च. नं. ३३४ को रकम फिर्ता गरी हिसाब फरफारक गर्ने सम्बन्धी बिषयको पत्र यसै साथ संलग्न छ। चालु आर्थिक बर्ष २०७९।०८० को लागि बजेट उपशीर्षक ३७१००१०२ (प्रधानमन्त्री रोजगार कार्यक्रम) नेपाल सरकार श्रोत तर्फ र बजेट उपशीर्षक ३७१००१०३ (युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना) आई.डि.ए. श्रोत तर्फ बाट सबै स्थानीयमा सशर्त अनुदान वित्तिय हस्तान्तरण भई कार्यक्रम कार्यान्वयन भई रहेको व्यहोरा अवगत नै छ।

उक्त कार्यक्रमहरु कार्यान्वयको क्रममा खर्च भई बाँकी रहेको सशर्त अनुदान संघीय सरकारलाई फिर्ता गर्नुपर्ने रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको बजेट खर्च जोरवर्ष खातामा मिति २०८०।०३।३१ गते भित्रै फिर्ता गर्नुपर्ने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ (१) मा समेत रहेको छ। यसरी फिर्ता गर्नुपर्ने रकम चालु आर्थिक बर्षमा निकासा फिर्ता नहुँदा SUTRA र TSA को खर्च र निकासा भिडान नहुने भएकोले वैदेशिक सहायता समावेश भएको युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजनाको हिसाव भिडानमा समस्या भई आगामी आर्थिक बर्षको निकासा फुकुवामा समस्या हुने भएकोले कार्यक्रम तथा श्रोतगत रुपमा SUTRA/CGAS/TSA मा फरक नपर्ने गरी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय संग समन्वय गरी निकासा रकम फिर्ता गर्नुहुन आदेशानुसार अनुरोध छ।

बोधार्थ:

श्री रोजगार सेवा केन्द्रहरु, (सबै); आवश्यक समन्वय तथा सहजिकरण गर्नुहुन।

(इन्दु शर्मा निरौला)
लेखा अधिकृत

नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
## Financial Comptroller General Office

पत्र संख्याः २०७९/०८०
चलानी नं. ३३४

(कोष व्यवस्थापन तथा प्रणाली विकास शाखा)

प.स. २०७०/०८०
च.न.

मितिः २०८०/०३/२०

विषयः- रकम फिर्ता गरी हिसाव फरफारक गर्ने सम्वन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय (सबै)
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय (सबै) ।
श्री स्थानीय तहहरु, (सबै)।

प्रस्तुत विषयमा आ.व २०७९/८० को साल तमामी गर्ने सम्वन्धमा संघीय सरकारबाट प्रदेश तथा स्थानीय तहलाई प्राप्त भएका वितिय हस्तान्तरण अनुदान रकम मध्ये खर्च भई बाँकी रहन गएको सशर्त अनुदान, बिषेश अनुदान र समपुरक अनुदान संघीय सरकारलाई फिर्ता गर्नुपर्ने रकम सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको बजेट खर्च जोरवर्ष खातामा, प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने रकम सम्वन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयको बजेट खर्च जोरवर्ष खातामा मिति २०८०/०३/३१ गते भित्रै फिर्ता गरी हिसाव / मिलान गर्नुहुन आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५(१) बमोजिम अनुरोध छ ।

साथै फिर्ता गर्नुपर्ने रकम सोही आ.व.मा निकासा फिर्ता नहुँदा SUTRA र TSA को खर्च र निकासा भिडान नहुने भएकोले वैदेशिक सहायता समावेश भएका कार्यक्रम / आयोजनाहरुको हिसाब भिडान नहुने र आगामी आ.व.मा निकासा फुकुवा प्रकृया ढिलो हुने भएकोले चालु आ.व. भित्र नै श्रोतगत रुपमा निकासा फिर्ता गर्नुपर्ने देखिएको र खर्च लेखाङ्कन भएका कर, धरौटी लगायतका सम्पुर्ण कट्टीहरु, फिर्ता तथा साटन बाँकी चेकहरु आषाढ मसान्त भित्र नै सम्वन्धित खातामा जम्मा गर्नु गराउनु हुन तथा फिर्ता भएका रकमहरु श्रोतगत नै फिर्ता समायोजन मार्फत (SUTRA / CGAS / TSA ) मा फरक नपर्ने गरी ) हिसाव मिलानका लागि प्रदेश लेखा नियन्त्रक कार्यालयहरु र स्थानीय तहहरु सँग समन्वय गर्नहुन समेत निर्णयानुसार अनुरोध छ ।

२०८०/३/२०
टेकनाथ रेग्मी
लेखा अधिकृत